आज मिति २०७७।०२।१९ गते प्र.जि.अ. श्री कृष्ण कुमार निरौलाको अध्यक्षतामा जिल्ला संकट व्यवस्थापन केन्द्रको देहायको उपस्थितिमा बैठक बसी देहायानुसार निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री कृष्ण कुमार निरौला, प्र.जि.अ.,जि.प्र.का. | - अध्यक्ष |
| श्री अञ्जन विष्ट, सेनानी , श्रीदल गुल्म, हुटु व्यारेक, रारा | - सदस्य |
| श्री भुवनेश्वर प्रसाद साह, प्र.ना.उ.,जि.प्र.का, | - सदस्य |
| श्री रमेशकान्त पोखेल, स.प्र.ना.उ. स.प्र.वल, नं. ४५ गुल्म | - सदस्य |
| श्री केशवप्रसाद न्यौपाने प्र.प्र.अ., रा.अ.जि.का. | - सदस्य |
| डा. निर्मल नगरकोटी, प्रमुख, स्वा.से.का. | - सदस्य |
| श्री भिमराज सेजुवाल, नि.जि.स.अ., | - सदस्य |
| श्री केशव ज्ञवाली, स.प्र.जि.अ.,जि.प्र.का. | - सदस्य सचिव |

सल्लाहकार

श्री पूर्ण वहादुर रोकाया, प्रमुख, जिल्ला समन्वय समिति

विशेष उपस्थिति

श्री हरिजङ्ग शाही - नगर प्रमुख, छायाँनाथ रारा नगरपालिका
श्री छिरिङ क्याप्ने लामा, अध्यक्ष, मुगुम कार्मारोङ गाउँपालिका
श्री भरत बहादुर बुढथापा, डिभिजन वन कार्यालय
श्री राजिव रिमाल, खानेपानी , सिंचाइ तथा उर्जा विकास कार्यालय
श्री रोमाकान्त पाण्डे, छायाँनाथ रारा नगरपालिका, मुगु
श्री मोहन सिंह कार्की, पूर्वाधार विकास कार्यालय
श्री शिव प्रसाद पाण्डेय, नेपाल विद्युत प्राधिकरण
श्री कृष्ण बहादुर सेजुवाल, जिल्ला पशुसेवा कार्यालय
श्री लोकेन्द्र बहादुर थापा, प्रतिनिधि, नेपाली कांग्रेस
श्री धर्म बहादुर शाही, प्रतिनिधि, ने.क.पा
श्री जय वहादुर मल्ल, नेपाल रेडक्रस सोसाइटी
श्री कमल वहादुर वुढा, अध्यक्ष, उद्योग वाणिज्य संघ, मुगु
श्री मिन वहादुर रावल, हिरिण्डेक मुगु
श्री जितवल राई, साहस नेपाल
श्री इश्वर मल्ल, युएसएड (USAID/SSBH)
श्री राज कुमार घिमिरे, फेज नेपाल
श्री दलजीत घर्ती, आइएनएफ नेपाल
श्री हंस बहादुर के.सी. नेपाल विद्युत प्राधिकरण
श्री टेक बहादुर शाही, किर्डाक नेपाल
श्री नेत्र बहादुर शाही, युएमएन
श्री ख्यामराज लामिछाने, जिएनआइ नेपाल
श्री अज वहादुर शाही, सिडिएस पार्क
~~श्री [illegible] नेपाल, मुगु~~

श्री विष्णु बहादुर रावत, ~~[illegible]~~ ट्रेपिड नेपाल

निर्णयहरु

१) Province Crisis Management Center को मिति २०७७।०२।१८ को बैठकको निर्णयहरु समितिमा जानकारी गराइयो ।सो अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

२) कर्णाली प्रदेशको PCMC को मिति २०७७।२।१८ गते निर्णयानुसार आईसोलेसनलाई तीन तहमा व्यवस्थापन गरि संचालनमा ल्याउन निर्देशन भएको, जिल्ला अस्पतालमा सात बेडको मात्र आईसोलेसनको क्षमता रहेको र रोगको संक्रमण दिन प्रति दिन बढ्दै गएको हुँदा कम्तिमा ५० बेडको आईसोलेसन निर्माण गर्न नितान्त आवश्यक भएको महशुस गरियो । सोही क्रममा संभावित स्थानको छनौटको लागि जिल्ला कारागार कार्यालयको निर्माणाधिन भवन उपयूक्त देखिएको हुँदा सो लाई छनौट गरि सामान्य पूर्वाधारको आइसोलेसन निर्माण गरि संचालनमा ल्याउने निर्णय गरियो । उक्त आइसोलेसन कक्षको निर्माण एवं संचालनको लागि नेपाल रेडक्रस सोसाईटी मुगुको सभापतीको नेतृत्वमा देहाय बमोजिमको आईसोलेसन संचालन एवं व्यवस्थापन समिति गठन गर्ने र उक्त आईसोलेसन निर्माण एवं संचालनको लागि आवश्यक स्रोत साधन उपलब्ध गराउन प्रदेश सरकार, स्थानीय तह, जिल्ला स्थित सबै सरकारी एवं गैरसरकारी संघ संस्था, दातृ निकायहरुलाई समेत आवश्यक सहयोग गर्न अनुरोध गर्ने निर्णय गरियो । साथै अन्य स्रोतहरुबाट रकम नजुटेसम्म जिल्ला विपद् व्यवस्थापन कोषबाट बजेटको व्यवस्थापन गर्ने र नेपाल रेडक्रस सोसाईटि मुगु मार्फत खर्च गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| सभापती, नेपाल रेडक्रस सोसाईटि | - संयोजक |
| प्रमुख, स्वास्थ्य सेवा कार्यालय | - सदस्य |
| सहायक प्रमुख जिल्ला अधिकारी | - सदस्य |

३) प्रदेश सरकारको निर्णयानुसार हुम्ला, मुगु र डोल्पाका नागरिकहरुलाई सुर्खेतमा नै क्वारेनटाइनमा राखि PCR/RDT चेक गराएर मात्रै जिल्लामा पठाउने भनिएकोमा भारत लगायत विभिन्न ठाउँबाट आएका मानिसहरु धमाधम जिल्ला/पालीकाहरुमा आईरहेको हुँदा प्रदेश सरकारको उक्त निर्णय कडाइकासाथ पालना गरि दिनु हुन हार्दिक अनुरोध गर्ने निर्णय गरियो ।

४) कोभिड-१९ को संक्रमण छिमेकी जिल्लाहरुमा समेत फैलिरहेको, यस जिल्लामा भारत लगायत अन्य संक्रमित ठाउँबाट प्रवेश गरेका मानिसहरु समेत संक्रमित हुन सक्ने सम्भावना रहेको, यार्सागुम्बा संकलन गर्न खुला गरेमा क्वारेनटाइन/आइसोलेसनमा रहेका मानिसहरु समेत भागेर जाने सम्भावना रहेकोले रोगको संक्रमण बढ्ने प्रबल सम्भावना लाई ध्यानमा राखि यार्सागुम्बा संकलनका लाई प्रतिवन्ध लगाइएको कार्यलाई निरन्तरता दिन संघीय सरकार, प्रदेश सरकार, सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालय, मुगुलाई पुन अनुरोध गर्ने निर्णय गरियो ।

निरौला

५) कोभिड-१९ को हालको संक्रमण रोकथाम र नियन्त्रणका लागि जिल्ला र स्थानीय तहहरुको स्रोत र साधन अभाव हुँदै गएको र भारतबाट आउनेको क्रम निरन्तर वृद्धि भई रहेको अवस्थमा क्वारेनटाइन, आईसोलेसनको व्यवस्थापन संख्या एवं गुणस्तर कमजोर हरेको, VTM/ RTD किटको अभाव रहेको, हाईजिन किट, औषधि लगायत सम्पूर्ण स्वास्थ्य सामाग्रीहरुको मौज्दात एकदमै न्यून रहेको, प्रत्येक स्थानीय तह र जिल्लामा आइसोलेसन वेडको संख्या र गुणस्तर व्यवस्थापन गर्न कठिन भएको हुँदा राष्ट्रिय/अन्तराष्ट्रिय दातृ संस्थाहरु र सरोकावाल सबैलाई जिल्लामा क्वारेण्टाइन, आइसोलेशन, हाईजिन किट, औषधी तथा अन्य स्वास्थ्य उपकरणहरुको सहयोगको लागि अनुरोध गर्ने निर्णय गरियो ।

६) हाल भारतबाट ठूलो संख्यामा व्यक्तिहरु भित्रिरहेको सन्दर्भमा महाकाली माध्यमिक विद्यालयमा रहेको क्वारेण्टाइन बेडको संख्या वृद्धि गर्ने र सोका लागि सबै सरोकारवाला एवं गैरसरकारी संघ/संस्थाहरुले सहयोग एवं समन्वयात्मक रुपमा कार्य गर्ने निर्णय गरियो ।

७) विभिन्न बाहिरी जिल्लाबाट जिल्लामा भित्रिने व्यक्तिहरुलाई आपतकालिन अवस्थामा व्यवस्थापन गर्न होल्डिङ स्थलको लागि उपयूक्त स्थानको पहिचान गरि संचालनमा ल्याउने निर्णय गरियो ।

८) छिमेकि जिल्लामा कोभिड-१९ को संक्रमण बढेकोले बाहिर जिल्लामा रहेका जिल्लाबासीहरुलाई हाल जिल्लामा नल्याउन सवै स्थानीय तहहरुलाई पून अनुरोध गर्ने र ल्याउनै परेमा सम्बन्धित स्थानीय तहले अनिवार्य रुपमा क्वारेनटाइनमा राख्ने . र RDT/PCR चेक जाँच गराउने प्रतिवद्धता व्यक्त गरेको पत्र प्राप्त भएमा मात्र जिल्ला प्रशासन कार्यालयले आवश्यक पहल गर्ने निर्णय गरियो । जिल्ला प्रवेशका सवै नाकाहरुमा प्रवेशलाई कडाई गर्ने र अन्तरपालीका/वडा/बस्ती आवागमनलाई कडाई गर्ने निर्णय गरियो ।

२०७७/०२/१९

कृष्ण कुमार निरौला
प्रमुख जिल्ला अधिकारी